annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २०७ पृष्ठ ८ | काठमाडौं, सोमबार १७ मंसिर २०८१ | मार्ग शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | MONDAY, DECEMBER 2, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सार्वजनिक यातायात, अपांगतामाथि दुर्व्यवहार






सरकारले ०६९ फागुन ११ गते अपांगतामैत्री सार्वजनिक संरचनासम्बन्धी निर्देशिका जारी गर्‍यो- सडकदेखि सार्वजनिक यातायातलाई अपांगमैत्री बनाउनु ।' त्यति मात्र होइन, संविधानसभाले बनाएको संविधानले अपांगता भएका व्यक्तिको हक अधिकारलाई मौलिक हकमै व्यवस्था गर्‍यो । तर, संविधान र कानुनले अपांगता भएका व्यक्तिका हक र अधिकारको संरक्षण गरे पनि व्यवहारमा त्यस्तो छैन । अरू त अरू, सार्वजनिक यातायातमा अपांगता भएका व्यक्तिमाथि विभेद हुन्छ, अनेकौं प्रकारका दुर्व्यवहार सहनुपर्छ ।

**राजकरण महतो** | *काठमाडौं*

**– को रिपोर्ट**

*ग्राफिक्स : रामकृष्ण राना*

*स्रोत : राष्ट्रिय जनगणना–२०७८*

समाचार पृष्ठ २

# कांग्रेसले भनेकै ‘बीआरआई फ्रेमवर्क’ तयार

## प्रधानमन्त्री आज चीन जाने

**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओली चारदिने औपचारिक भ्रमणका क्रममा सोमबार चीन जाँदैछन् । गठबन्धनका दलबीच बीआरआई कार्यान्वयनमा ‘मध्यमार्गी बाटो’ अपनाएर ओली चीन जान लागेका हुन् । बीआरआई कार्यान्वयनको सम्झौताका विषयलाई लिएर कांग्रेस र एमालेबीच लामै छलफल चलेको थियो। बीआरआई कार्यान्वयनका सम्बन्धमा नेपाल-चीनबीच हुने प्रस्तावित समझदारीका सम्बन्धमा कांग्रेसले प्रस्ताव गरेकै नाममा अन्ततः सहमत जुटेको हो।

चिनियाँ राजदूतावासमा शनिबार बुझाइएको यससम्बन्धी डकुमेन्टमा नयाँ सम्झौताको नाम कांग्रेसले प्रस्ताव गरेअनुसार नै ‘बीआरआई सहकार्य फ्रेमवर्क’ राखिएको छ।

चीनलाई पठाइएको दस्तावेजमा सन् २०१७ मा भएको बीआरआईसम्बन्धी समझदारीको विषयको चर्चा गरिएको छ। त्यसअर्न्तगत विद्युत्, शिक्षा, पर्यटन स्वास्थ्य, पूर्वाधार निर्माणलगायत कयौं विषयमा सहकार्य गर्न सकिने उल्लेख छ। चीन भ्रमणको मिति तय भएसँगै बीआरआई मोडालिटीबारे छलफल गर्न प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक तथा विकास सल्लाहकार युवराज खतिवडा, कांग्रेसका महामन्त्री गगन थापा र अधिवक्ता सेमन्त दाहाल सदस्य रहेको कार्यदल बनाइएको थियो।

बाँकी पृष्ठ ५



**प्रधानमन्त्रीको कार्यतालिका**

सोमबार
- बिहान ११ बजे काठमाडौंबाट उड्ने
- बेलुकी साढे ५ बजे बेइजिङ पुग्ने

मंगलबार
- चीनका प्रधानमन्त्री ली छ्यानसँग औपचारिक भेटवार्ता
- चीनका राष्ट्रपति सी चिनफिङसँग औपचारिक भेटवार्ता
- चिनियाँ जनकंग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीसँग भेटवार्ता

बुधबार
- पेकिङ विश्वविद्यालयमा सम्बोधन
- नेपाल-चीन बिजनेस फोरमको कार्यक्रमलाई सम्बोधन
- बेइजिङस्थित नेपाली दूतावासले आयोजना गर्ने कार्यक्रममा सहभागी

बिहीबार
- स्वदेश फर्किने

# ३८ प्रतिशत मतदाता कहाँ गए ?

**काठमाडौं** ( काठमाडौं) : ४१ स्थानका लागि आइतबार भएको स्थानीय तहको उपनिर्वाचनमा ६२ प्रतिशत मात्रै मतदान भएको छ । अर्थात्, ३८ प्रतिशत मत खसेन । मतदाताहरू विदेशमा भएको, निर्वाचनमा सहभागी हुन नचाहेको, खेतीपातीको मौसमका कारण ३८ प्रतिशत मत नखसेको जानकारहरू बताउँछन्।

तर, स्थानीय तहको उपनिर्वाचन भने देशैभरि शान्त र उत्साहपूर्वक सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। उपनिर्वाचनमा देशभर २ लाख २६ हजार ७ सय ९९ मतदाता थिए। आयोगका अनुसार मतदानपछि अधिकांश स्थानमा मतगणना सुरु भएको छ । केही स्थानको त निर्वाचनको नतिजा पनि सार्वजनिक भइसकेका छन् । उपनिर्वाचनका लागि २५ राजनीतिक दल दर्ता भएका थिए। २० दलले मात्रै उम्मेदवारी दिएका थिए।

ओखलढुंगा र कैलालीको जिल्ला समन्वय समितिको प्रमुखमा क्रमशः कांग्रेसका टेकराज भट्टराई र टीका कुमारी चौधरी (भुल) यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । रुकुम (पूर्वीभाग) को पुथा उत्तरगंगा-२ को वडा अध्यक्षमा माओवादी केन्द्रका जगत घर्ती पनि निर्विरोध निर्वाचित भएका थिए। नगरपालिकाका प्रमुख १, उपप्रमुख १, गाउँपालिकाका अध्यक्ष २, उपाध्यक्ष ४ तथा वडा अध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन भएको थियो।






# चिसो बढ्दै, ‘फ्लु’ फैलिँदै

## काठमाडौंको तापक्रम एक डिग्री सेल्सियसले घट्न थाल्यो

**दिनेश गौतम** | *काठमाडौं*

मनसुन बाहिरिएको एक महिनापछि मुलुकको मौसमी अवस्थामा फेरबदल आएको छ। अधिकतम र न्यूनतम तापक्रम घट्ने क्रमले काठमाडौंलगायत मुलुकभर चिसो बढेको छ। चिसो बढेसँगै सिजनल इन्फ्लुएन्जा अर्थात् फ्लु (मौसमी रुघाखोकी ) पनि फैलन थालेको छ।

जल तथा मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार, काठमाडौंसहित मुलुकभरको तापक्रम घट्दै गएकोले चिसो बढेको हो। एकसाता अघिदेखि अधिकतम र न्यूनतम तापक्रम घट्दै गएको पाइएको छ। विभागका मौसमविद् रोजन लामिछाने भन्छन्, ‘काठमाडौं उपत्यकामा अधिकतम र न्यूनतम तापक्रम हल्का घट्दै गएको छ। एक सातादेखि चिसो बढ्दो छ।’

**काठमाडौंको घट्दो तापक्रम (सेल्सियस)**

| मिति | अधिकतम तापक्रम | न्यूनतम तापक्रम |
|---|---|---|
| मंसिर १५ | १९ –२१ | ६ –८ |
| मंसिर १४ | १९ –२१ | ७–९ |
| मंसिर १३ | १९ –२१ | ७ –९ |
| मंसिर १२ | २० –२२ | ८–१० |
| मंसिर ११ | १९ –२१ | ८–१० |
| मंसिर १० | २० –२२ | ७ –९ |
| मंसिर ९ | २० –२२ | ८–१० |
| मंसिर ८ | २० –२२ | ९ –११ |

चिसोका कारण न्यानो लुगाकपडा, हिटरको माग बढेको व्यवसायीहरू बताउँछन्।

गत असोजको अन्तिम साता यस वर्षको मनसुन नेपालबाट बाहिरिएको हो। मनसुन बाहिरिएको एक महिनापछि मुलुकभर अधिकतम र न्यूनतम तापक्रम घट्दो क्रममा रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। एक सातादेखि काठमाडौं उपत्यकावासीले चिसो महसुस गरेका छन्। विभागका अनुसार, एक साताअघि अर्थात् मंसिर ८ गते काठमाडौंको अधिकतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस थियो। न्यूनतम तापक्रम ९ देखि ११ डिग्री सेल्यियस थियो। त्यस्तै, शुक्रबार काठमाडौंको अधिकतम तापक्रम १९ देखि २१ डिग्री सेल्सियसम झर्‍यो। न्यूनतम तापक्रम ७ देखि ९ डिग्री सेल्सियस ओर्लियो। आइतबार अधिकतम तापक्रममा कुनै फेरबदल नभए पनि न्यूनतम तापक्रम ६ देखि ८ डिग्री सेल्सियसमा झर्‍यो। एक सातामै न्यूनतम तापक्रम एक डिग्री सेल्सियस घटेको पाइएको छ। मौसमविद् लामिछाने भन्छन्, ‘अधिकतम र न्यूनतम तापक्रम एक डिग्री सेल्सियसका हिसाबमा घट्दा चिसो महसुस भएको छ।’

अक्टोबर र नोभेम्बरलाई पोस्ट मनसुन अवधिको रूपमा लिइन्छ। पोखरा, दिपायललगायतका कतिपय स्थानमा बिहान कुहिरो लाग्न थालेको छ। त्यस्तै नेपालगन्ज, भैरहवा, सिमरा, धनगढी, विराटनगर, जनकपुरमा पनि बिहानपख हुस्सु लागेको छ। अधिकतम र न्यूनतम तापक्रम देशको हिमाली भूभागमा हल्का घट्ने र पहाडी तथा तराईका भूभागमा मंसिरको पहिलो सातादेखि हलुका घटेको छ। रातिको समयमा जुम्ला, जोमसोमको न्यूनतम तापक्रम माइनसमा झर्ने गरेको छ। विभागका सूचना अधिकारी कायस्थका अनुसार, न्यूनतम घट्नु भनेको चिसो बढ्दै जानु हो। कायस्थ भन्छन्, ‘ अधिकतम र न्यूनतम तापक्रम घट्नु भनेको समग्रमा चिसो बढ्नु नै हो।’

बाँकी पृष्ठ ५